# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, पुस २० गते २०४४ साल (संख्या ३७

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ६ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी विश्व बैंकको ऋण सहायताअन्तर्गत सञ्चालित भैरहवा लुम्बिनी भूमिगत जल परियोजनाले खरिद गर्ने मिनीबस १ (एक) मा लाग्ने भन्सार महसुल तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ६ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपालमा लागू औषध नियन्त्रण गर्ने पश्चिम जर्मनी पुलिसले नेपाल प्रहरी प्रधान कार्यालयलाई सहयोग स्वरूप प्रदान गर्ने जीप १ (एक), मिनीबस १ (एक) तथा लिमोसन १ (एक) समेत ३ (तीन) वटा सवारी साधनहरूमा लाग्ने भन्सार महसुल तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
ईश्वरकुमार श्रेष्ठ
उपसचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

456